मेन्छयायेम गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

## औषधि तथा औषधिजन्य सामग्री खरिदसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित मिति २०८२।०५।१३***

यस कार्यालयबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रू. १,०००।- (फिर्ता नहुने गरी) तिरी वा यस गाउँपालिकाको नाममा खोलिएको कुमारी बैंक लिमिटेड मेन्छयायेम शाखामा रहेको आन्तरिक राजस्व खाता नं. २७२०२४७११८९००००५ मा जम्मा गरेको भौचर सहित निवेदन साथ संलग्न राखि कार्यालय समय भित्र दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.ब. ०८१/०८२ को नवीकरण गरेको कम्पनी दर्ता फर्म, औषधी व्यवसायी आयकर दर्ता तथा मू.अ.कर.दर्ता तथा मू.अ.कर दर्ता प्रमाणपत्रहरू, कालोसूची नपरेको, कानूनबाट कुनै अयोग्य नभएको पत्र लिखित घोषणा पत्र र अन्य आवश्यक कागजातहरूसहित दरभाउपत्र साथ संलग्न फाराम खरिद गर्न निवेदन पेश गर्नुपर्नेछ ।

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र यस गाउँपालिको कार्यलयबाट खरिद गर्न सकिनेछ । बिक्री भएको दरभाउपत्रहरू १६ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरू सोहि दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउपत्रदाताले कबोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा खोलिएको कुमारी बैंक लिमिटेड मेन्छयायेम शाखामा रहेको धरौटी खाता नं. २७२०२४७११८९०००१८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणीज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको जमानत (बीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको आधिकारिक छाप नभएको, शिलबन्दी उपर कुनै मान्यता हुने छैन । प्रतिनिधिले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रूपमा मञ्जुरीनामा पत्र लिएर आउनुपर्नेछ ।

४. शिलबन्दी खरिद गर्ने, बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खालेको दिन सोहीअनुसार हुनेछ ।

५. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाउमा दस्तखत र छाप अनिवार्य हुनुपर्नेछ अन्यथा मान्यता दिइने छैन ।

६. औषधिहरू WHO GMP Certified Company बाट उत्पादिन औषधिहरू मात्र खरिद गरिनेछ । सप्लाई हुने औषधीहरूको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expire date र व्याच नम्बर लेखिएको हुनुपर्नेछ । औषधीको म्याद १८ महिना सम्मको बाकि (Expire date) हुनुपर्नेछ ।

७. औषधि तथा सर्जिकल उपकरणको ढुवानी तथा अन्य करहरू दरभाउपत्रवाला स्वयमले व्यहोर्नुपर्नेछ । दरभाउपत्रमा उल्लेख भएको औषधि तथा सर्जिकल उपकरणको परिमाणमा आवश्यकता अनुसार थपघट हनुसक्नेछ ।

८. यस सूचनामा छुट हुन गएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ अनुसार एवं प्रचलित कानून अनुसार हुनेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप कुराहरू बुझ्नुपरेमा कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | दरभाउपत्र | विवरण | लगत अनुमान | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१।०८२।०८३ स्वास्थ्य | औषधी तथा औषधिजन्य सामग्री खरिद | २३,८७,००० | ६०,००० | |

अभिषेक घिमिरे

प्रमुख प्रशासकीय अधिकृत